त्रिभुवन विश्वविद्यालय
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**डीनको कार्यालय**
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि/वागवानी (B.Sc.Ag./Hort) र पशु चिकित्सा (B.V.Sc & A.H.) स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

**प्रकाशित मितिः २०८०/०९/०४ गते**

शैक्षिक वर्ष २०८०/०८१ को लागि यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा सञ्चालन हुने स्नातक कृषि/वागवानी (B.Sc.Ag./Hort.) र पशु चिकित्सा (B.V.Sc & A.H.) विज्ञान विषयको **प्रवेश परिक्षा यहि मिति २०८०/०९/०७ गते नेपाली सेना स्वास्थ विज्ञान संस्थान सानो भर्‍याङ्ग, काठमाडौमा** हुनेछ । भर्ना प्रक्रिया तपशिल वमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जनाकारी गरिन्छ ।

**१. भर्ना कोटाः** मेरिट क्रमाङ्कमा रहेका विद्यार्थीहरुलाई तालिका १ र २ अनुसार कोटाहरुमा भर्ना गरिनेछ ।

**तालिका नं.१: कृषि/वागवानी स्नातक तहमा भर्नाको लागि कोटासम्बन्धी विवरणः**

| कोटा विवरण | वि.एस्सी.कृषि/वागवानी | | | | | |
|---|---|---|---|---|---|---|
| | लमजुङ | पक्लिहवा | रामपुर | गौरादह | नेपाली सेना | जम्मा |
| **मेरिट कोटा** | २७ | २७ | २६ | २६ | १३ | **११९** |
| **छात्रा कोटा** | | | | | | |
| खुला | १ | १ | २ | २ | १ | **७** |
| दलीत | | | | | १ | **१** |
| मुस्लीम | १ | - | - | - | - | **१** |
| **आदिवासी-जनजाती कोटा** | १ | २ | २ | १ | १ | **७** |
| **मधेसी कोटा** | | | | | | |
| खुला | १ | १ | १ | १ | १ | **५** |
| दलित | - | - | - | १ | - | **१** |
| **दलित कोटा** | १ | १ | १ | १ | - | **४** |
| **अपाङ्ग कोटा** | १ | १ | १ | १ | - | **४** |
| **मुश्लीम कोटा** | १ | १ | - | १ | - | **३** |
| **थारु कोटा** | १ | १ | १ | १ | १ | **५** |
| **दुर्गम जिल्ला कोटा** | १ | १ | १ | - | - | **३** |
| **अन्य कोटा** | १ | १ | १ | १ | - | **४** |
| अ.सं. विकास शुल्क | १३ | १३ | १४ | १४ | ६ | **६०** |
| **जम्मा** | **५०** | **५०** | **५०** | **५०** | **२४** | **२२४** |

| **स्टाफ कोटा** | | | | |
|---|---|---|---|---|
| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | जम्मा |
| सहुलियत शुल्क | १ | | २ | ३ |
| पूर्ण शुल्क | १ | | २ | ३ |
| जम्मा स्टाफ कोटा | २ | | ४ | ६ |

पो.अ.ब. ९८४; फोनः ९७७-१-४३३०५००/४३३०६००; इमेलः info@iaas.edu.np; Website : www.iaas.edu.np

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

**तालिका २ पशु चिकित्सा स्नातक तहमा भर्नाको लागि कोटासम्बन्धी विवरण:**

| कोटा वितरण | वि.भि.एस्सी.एण्ड ए.एच. |
|---|---|
| क) मेरिट | १७ |
| ख) आरक्षण | |
| छात्रा: खुला | २ |
| आदिवासी/जनजाती | १ |
| मधेसी: खुला | १ |
| थारु | १ |
| दलित | १ |
| अपाङ्ग | १ |
| अन्य | १ |
| ग) अध्ययनसंस्थान विकास शुल्क | १५ |
| **डीनको कार्यलयवाट भर्ना हुने जम्मा** | **४० जना** |
| घ) एनेक्स कार्यक्रम अन्तर्गत (क्याम्पसबाट भर्ना हुने) | **१० जना**** |
| एनेक्स कार्यक्रम खुला | ७ |
| स्टाफ कोटा | १ * |
| स्थानिय कोटा | १ * |
| MOU भएका नेपाल सरकारका निकायका मनोनयी | १ * |
| **जम्मा संख्या** | **५० जना** |

** *मेरिट, आरक्षण र अध्ययन संस्थान विकास शुल्कको भर्ना प्रकृया सकिएपछि मात्र एनेक्स कोटा अन्तर्गत भर्नाको लागि सुचना गरिनेछ ।*

* *एनेक्स कार्यक्रम अन्तर्गत यस अध्ययन संस्थानसँग MoU भएका नेपाल सरकारको निकायका मनोनयी, स्थानिय कोटा र स्टाफ कोटा खाली भएमा एनेक्स खुल्ला कोटामा समावेश गरिनेछ ।*

**३. भर्ना विधि :** विद्यार्थी भर्ना तालिका ३ अनुसार काउन्सेलिङ विधिबाट गरिनेछ। तोकिएको संख्या पुरा नभएसम्म रोजेको क्याम्पसमा भर्ना हुन सोही दिन मात्र छनौटको अवसर दिइनेछ। उक्त दिन उपस्थित हुन नसकेमा अर्को काउन्सेलिङमा रिक्त रहेका कोटाहरुको लागि उपस्थित हुन सक्नेछन ।

**तालिका नं. ३ : भर्ना मिति र समय**

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०८० पौष ११ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नम्बर ००१ देखि ०१७ (पशु चिकित्सातर्फ) |
| २०८० पौष १२ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नम्बर ००१ देखि ११९ (कृषि/वागवानीतर्फ) |
| २०८० पौष १६ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नम्बर ०१८ देखि ०४० (पशु चिकित्सातर्फ) |
| २०८० पौष १७ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नम्बर १२० देखि २२४ (कृषि/वागवानीतर्फ) |
| २०८० पौष १८ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | पौष १७ गतेसम्मको भर्नामा रिक्त हुन आउने कोटामा मिति २०८०/०९/१८ गते सूचना गरिनेछ। |
| मिति २०८०/०९/१९ गतेको काउन्सेलिङमा पनि तालिका नं. १ मा तोकिएको सिट संख्या पुरा नभएमा अर्को काउन्सेलिङको लागि मिति २०७९/०२/२० गतेभित्र सूचना प्रकाशित गरिनेछ। | | | |

**भर्ना गर्ने स्थान: मिति** २०८० पौष ११ र १६ गतेको भर्ना डीनको कार्यलयवाट हुनेछ भने अन्य भर्ना कार्यक्रम स्नातकोत्तर कार्यक्रम कीर्तिपुरवाट हुनेछ।

**४. भर्ना शुल्क सम्वन्धमा:**
भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि., कीर्तिपुरमा यस अध्ययन संस्थानको "कृ.प.वि.अ.सं डीनको कार्यलय" नाममा रहेको खाता नं. "०४५००१००१०४०१९०००००३" (**IAAS Dean's Office**, A/C no. "**04500100104019000003**) मा रु. ८,४५०।- जम्मा गरी सोको सक्कल भाउचर बुझाउनु पर्नेछ।

प.सं./च.नं.

**कृषि तर्फ अध्ययन संस्थान विकास शुल्क** : IDF कोटामा भर्ना हुन IDF कुल शुल्क रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. १,५०,००० (एक लाख पचास हजार मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।

**पशुचिकित्सा तर्फ अध्ययन संस्थान विकास शुल्क** : IDF कोटामा भर्ना हुन IDF कुल शुल्क रु. ३,५०,०००।- (तीन लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. २,००,०००।- (दुई लाख मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।

**५. स्टाफ कोटामा भर्ना :** स्टाफ कोटाको लागि मिति २०८०/९/१६-२२ गतेसम्म अध्ययन संस्थानले तोकेको कागत र फाराम भरी कार्यलय समयभित्र डीन कार्यालयमा बुझाउनु पर्नेछ। भर्ना तालिका मिति २०८०/०९/२३ गतेपछि प्रकाशित गरिनेछ।

**६. भर्नाको समयमा पेश गर्नु पर्ने सक्कल कागजातहरु:**

क. रकम जम्मा गरेको बैंक भाउचर।

ख. नेपाली नागरिकताको प्रमाणपत्र।

ग. एस.एल.सी. वा एस.इ.इ. को लब्धाङ्कपत्र (Transcript)।

घ. १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक वा मुल प्रमाणपत्र)। १०+२ को Aggregate Transcript नभएको हकमा कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा ११ को Marksheet पनि पेश गर्नु पर्नेछ।

ङ. १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU registration card। स्थानान्तरण प्रमाणपत्र त्रि.वि. का आंगिक क्याम्पसमा वुझाइ सकेको भए सो क्याम्पसवाट स्थानान्तरण प्रमाणपत्र वुझि लिएको सक्कल पत्र।

च. नेपाल बाहिरको शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गर्नेको हकमा समकक्षता (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

छ. आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र।

***द्रष्टव्यः*** *विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको व्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ।*

**७. रिक्त कोटामा भर्ना सम्वन्धमा :** नियमित भर्ना प्रक्रियाको अन्तिम दिनसम्ममा कुनै कारणवस कोटाहरु रिक्त हुन आएमा स्वतः IDF कोटामा समावेश गरिनेछन्। उक्त कोटामा भर्ना गर्नका लागि २ दिनको समय दिइ आवेदन माग गरिनेछ। मेरिट क्रमको आधारमा आवेदकहरुमध्येबाट क्याम्पस चयनको अवसर दिइनेछ। भर्ना हुनको लागि सम्बन्धित क्याम्पसको IDF कोटामा भर्ना भएको अन्तिम मेरिट क्रमाङ्क भन्दा पछाडीको भर्ना नभएका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पाउनेछन।

**८. एनेक्स** (ANNEX) **कोटाको भर्ना :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क (IDF) कोटाको भर्ना सकिएपछि मात्र तोकिएका आंगिक क्याम्पसहरुमा ANNEX कोटामा भर्ना गर्न सम्वन्धित क्याम्पसवाट सुचना प्रकाशित हुनेछ। आंगिक क्याम्पसहरुमा ३ वटा स्थानीय कोटा सम्वन्धित क्याम्पसवाट मेरीटका आधारमा भर्ना गरिनेछ।

**९. सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क कोटाको भर्ना सकिएपछि त्रि.वि.बाट सम्वन्धन प्राप्त क्याम्पसहरुमा स्वीकृत कोटामा डीन कार्यालयले तोकेको प्रतिनिधिको रहोवरमा मेरिट सूचीको आधारमा भर्ना प्रकृया सञ्चालन हुनेछ। सूचना सम्वन्धित क्याम्पसवाट प्रकाशित हुनेछ। शिक्षा मन्त्रालय, नेपाल सरकारले तोकेको १०% छात्रावृति कोटा निर्धारित कोटाभित्र समावेश हुनेछ। भर्ना प्रक्रियाका सूचनाहरु र भर्ना गरिएका विद्यार्थीहरुको नामावली अनिवार्य रुपमा एक महिनाभित्र शैक्षिक प्रशासन, डीनको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**१०.** भर्ना सम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ।

डा. किशोरचन्द्र दाहाल,
सहायक डीन (शिक्षण)